मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :-
चलानी नं. :-

फोन नं. ०४८-५४०११२
०४८-५४०५३२

मिति : २०८०/०७/१५

## लोकसेवा आयोग (रा.प.अन द्वितीय खरिदार वा सो सरह) तयारी कक्षा सम्बन्धी सूचना !!

आ. व. २०८०/०८१ को मन्थली नगरपालिकाको स्वीकृत कार्यक्रम भित्र बिनियोजन भएको शीर्षकवाट बढीमा ५० जना सहभागीको लागि **लोकसेवा आयोग (रा.प.अन द्वितीय खरिदार वा सो सरह एकीकृत पाठ्यक्रममा आधारित ) तयारी कक्षा (प्रथम पत्र) संचालन** हुने भएकोले यो सूचना प्रकाशित मितिले १० दिन अर्थात ( २०८० कार्तिक २४ गते सम्म) कक्षामा सहभागी हुन चाहने व्यक्तिले तपसिल बमोजिम दुई प्रति पासपोर्ट साईजको फोटो र कागजात सहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. तयारी कक्षा अनलाईनमा आधारित रूपमा निशुल्क संचालन हुनेछ।
२. तयारी कक्षा कार्यालय समय वाहेक बिहान वा बेलुकी एक पटक संचालन हुनेछ ।
३. तयारी कक्षामा सहभागीले उक्त पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको , पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएकाको हकमा उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ।
४. तयारी कक्षामा सहभागी हुने व्यक्तिहरूले मन्थली नगरपालिका सरहद भित्र स्थायी बसोवास भएको खुल्ने नागरिकता निवेदनको साथमा पेश गर्नुपर्नेछ।
५. तयारी कक्षामा सहभागी हुने आवश्यक उपयुक्त सहभागी संख्या छनौट गर्ने अधिकार मन्थली नगरपालिकालाई हुनेछ।
६. शिक्षक सेवा आयोग तयारी कक्षामा छनौट गर्दा **दलित , अपाङ्गता,महिला, जनजाति** लाई विशेष प्रथामिकता दिईनेछ।
७. अध्ययनको क्रममा इन्टरनेट र आवश्यक प्रविधि व्यवस्थापन स्वयं सम्बन्धित व्यक्तिले मिलाउनु पर्नेछ। नगरपालिकाले शिक्षण शुल्क मात्र निशुल्क गर्नेछ
८. छनौट भएका सहभागीको नाम सार्वजनिक सूचना गरी प्रकाशन गरिने छ।

**थप जानकारीको लागी : सम्पर्क नं ९७०३२६८९९९ ( महिला बालबालिका तथा समाजकल्याण शाखा )**

२०८०/७/१५

Scanned with CamScanner

# निवेदनको ढांचा

मिति :२०८०/०७/..

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

मन्थली नगरकार्यपालिकाको कार्यालय मन्थली , रामेछाप।

विषय : लोकसेवा आयोगको तयारी कक्षामा सहभागी हुने सम्बन्धमा।

प्रस्तुत विषयमा मन्थली नगरपालिकाले मन्थली नगरपालिका भित्र स्थायी बसोवास भएका र तोकिएको योग्यता पुगेका विद्यार्थीलाई लोकसेवा आयोगको खरिदार वा सो सरहको पाठ्यक्रम अन्तर्गत प्रथम पत्रको कक्षा संचालन हुने हुँदा उक्त कक्षामा म पनि नियमित रूपमा सहभागी भई अध्ययन गर्न इच्छुक भएकोले उक्त कक्षामा सहभागी हुने व्यवस्था गरिदिनुहुन आवश्यक काजगात यसैसाथ संलग्न राखी निवेदन पेश गरेको छु।

निवेदक

नाम थर :

ठेगाना : मन्थली नगरपालिका वडा नं....

सम्पर्क नं :...............

**संलग्न कागजातहरू**

१. **नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी**
२. **न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी**
३. **पासपोर्ट साइजको फोटो २ प्रति**

Scanned with CamScanner

मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :-
चलानी नं. :-

फोन नं. ०४८-५४०११२
०४८-५४०५३२

मिति : २०८०/०७/१५

## आधारभूत तह(१-५ )को शिक्षक सेवा आयोग तयारी कक्षा सम्बन्धी सूचना !!

आ. व. २०८०/०८१ को मन्थली नगरपालिकाको स्वीकृत कार्यक्रम भित्र बिनियोजन भएको शीर्षकवाट बढीमा ५० जना सहभागीको लागि आधारभूत तह (१-५ ) को पाठ्यक्रममा आधारित रही **शिक्षक सेवा आयोग तयारी (प्रथम पत्र) कक्षा संचालन** हुने भएकोले यो सूचना प्रकाशित मितिले १० दिन अर्थात ( २०८० कार्तिक २४ गते सम्म) कक्षामा सहभागी हुन चाहने व्यक्तिले तपसिल बमोजिम दुई प्रति पासपोर्ट साईजको फोटो र कागजात सहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. शिक्षक सेवा आयोग तयारी अनलाईनमा आधारित रूपमा निशुल्क संचालन हुनेछ।
२. तयारी कक्षा कार्यालय समय वाहेक बिहान वा बेलुकी एक पटक संचालन हुनेछ ।
३. तयारी कक्षामा सहभागीले न्युनतम १०+२ वा सो सरहको शैक्षिक योग्यता प्राप्त गरेको , उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ र सम्बन्धित तहको **अध्यापन अनुमतिपत्र अनिवार्य प्राप्त गरेको** हुनुपर्नेछ।
४. तयारी कक्षामा सहभागी हुने व्यक्तिहरूले मन्थली नगरपालिका सरहद भित्र स्थायी बसोवास भएको खुल्ने नागरिकता निवेदनको साथमा पेश गर्नुपर्नेछ।
५. तयारी कक्षामा सहभागी हुने आवश्यक उपयुक्त सहभागी संख्या छनौट गर्ने अधिकार मन्थली नगरपालिकालाई हुनेछ।
६. शिक्षक सेवा आयोग तयारी कक्षामा छनौट गर्दा **दलित , अपाङ्गता,महिला, जनजाति** लाई विशेष प्रथामिकता दिईनेछ।
७. अध्ययनको क्रममा लाग्ने इन्टरनेट र आवश्यक प्राविधिको व्यवस्थापन स्वयं सम्बन्धित व्यक्तिले मिलाउनु पर्नेछ। नगरपालिकाले शिक्षण शुल्क मात्र निशुल्क गर्ने छ।
८. छनौट भएका सहभागीको नाम सार्वजनिक सूचना गरी प्रकाशन गरिने छ।

Scanned with CamScanner

# निवेदनको ढांचा

मिति :२०८०/०७/..

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

मन्थली नगरकार्यपालिकाको कार्यालय मन्थली , रामेछाप।

विषय : शिक्षक सेवा आयोगको तयारी कक्षामा सहभागी हुने सम्बन्धमा।

प्रस्तुत विषयमा मन्थली नगरपालिकाले मन्थली नगरपालिका भित्र स्थायी बसोवास भएका र तोकिएको योग्यता पुगेका विद्यार्थीलाई शिक्षक सेवा आयोगको आधारभूत तह (१-५) को पाठ्यक्रम अन्तर्गत प्रथम पत्रको कक्षा संचालन हुने हुँदा उक्त कक्षामा म पनि नियमित रूपमा सहभागी भई अध्ययन गर्न इच्छुक भएकोले उक्त कक्षामा सहभागी हुने व्यवस्था गरिदिनुहुन आवश्यक काजगात यसैसाथ संलग्न राखी निवेदन पेश गरेको छु।

निवेदक

नाम थर :

ठेगाना : मन्थली नगरपालिका वडा नं....

सम्पर्क नं :...............

**संलग्न कागजातहरू**

**१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी**
**२. न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी**
**३. शिक्षक अध्यापन अनुमति पत्रकौ प्रतिलिपी**
**४. पासपोर्ट साइजको फोटो २ प्रति**

Scanned with CamScanner